# जातीय समानता प्रवर्द्धनमा विध्यमान तथा योजनाबद्ध उपायहरू

## सामुद्रिक विभाग

"हामी उत्कृष्ट सामुद्रिक सेवाहरु प्रवर्द्धन गर्न एक छौं" भन्ने हाम्रो मिसन हो । बन्दरगाहको प्रशासकको रुपमा बन्दरगाह र हङकङको पानीमा हुने अपरेसनको सुनिश्चितता कायम गर्नुका साथै हङकङ ढुवानी दर्ता संचालन गर्नु र हङकङमा दर्ता भएका जहाजहरुको गुणस्तरलाई कायम गर्नु हाम्रा प्रमुख कार्यहरू हुन् । सामुद्रिक सेवाहरुको समान पहुंच सुनिश्चित गर्न र उक्त सेवाहरूमा जातीय समानता प्रवर्द्धन गर्न हामी प्रतिबद्ध छौं । जहाजमा काम गर्ने वा समुद्रमा यात्रा गर्ने मानिसहरुको जात-जातिको[1] परवाह नगरी उनिहरुको जीवन रक्षा गर्न हामी हाम्रो व्यावसायिक ज्ञान र प्राविधिक विशेषज्ञतालाई समर्पित गर्ने पनि हामी प्रतिज्ञा गर्दछौं ।[1]

| | |
|---|---|
| सम्बद्ध सेवाहरू | हामी व्यापक रुपमा पाँच क्षेत्रहरुमा वर्गीकरण गर्न सकिने सेवाहरुको फराकिलो दायरा प्रदान गर्दछौं, जस्तै : |

- योजना तथा सेवाहरू – बन्दरगाह विकास, बन्दरगाह सुरक्षा प्रशासन, क्रस-बाउन्डरी फेरी टर्मिनलहरू, प्रदुषण नियन्त्रण, सार्वजनिक कार्गो कार्य क्षेत्रहरू नेभिगेसन तथा मुरिंगका सहायता, हाइड्रोग्राफिक सेवाहरुका लागि रणनैतिक योजना
- बन्दरगाह नियन्त्रण – बन्दरगाह अपरेसनहरु, नेभिगेसनसम्बन्धी सुरक्षा, आपतकालीन सामुद्रिक सेवा, खोजी तथा उद्दारमा सहयोग, स्थानीय जहाजको अनुमति दिने कार्य तथा नियन्त्रण ।
- बहुपक्षी नीति – समुद्री दुर्घटना अनुसन्धान र नीति, मापदण्ड एवं कानून निर्माण ।
- ढुवानी – हङकङ ढुवानी दर्ता, अन्तर्राष्ट्रिय महासन्धि मापदण्डको कार्यान्वयन, विदेशी जाने जहाजहरूको सर्वेक्षण हुन्छ
- स्थानीय जहाज र परीक्षा - समुद्री औद्योगिक सुरक्षा, स्थानीय जहाज सुरक्षा र सर्वेक्षण, स्थानीय जहाजहरूको नियमन, परीक्षण, प्रमाणीकरण र नाविकहरूको अनुशासन र
- सरकारी जहाजहरु – डिजाइन, खरीद-बिक्री, अपरेसन, सरकारी जहाजहरुको क्र्यु तथा मर्मत गर्ने कार्यहरु ।

| | |
|---|---|
| विध्यमान उपायहरू | सेवाहरू चिनियाँ र / वा अंग्रेजी भाषामा प्रदान् गरिन्छन् । आम वितरणका लागि उपलब्ध सूचना पत्र तथा पम्प्लेटहरू चिनियाँ र अंग्रेजी दुवै भाषामा मुद्रित हुन्छेन् । |

[1] व्यक्तिको सवालमा जाति भन्नाले व्यक्तिको जात, रङ्ग, बंशज वा राष्ट्रिय अथवा जातीय मूललाई जनाउँछ

त्यसका अलावा सार्वजनिक सेवाहरूको समान पहुँच प्राप्त गर्नका लागि फरक जातियता भएका प्रयोगकर्ताहरूले अल्पसंख्यक जातिका बासिन्दाहरूको मेलमिलाप तथा सुधार केन्द्र (CHEER **केन्द्र**)[2] द्वारा प्रदान गरिने अन्य विभिन्न सेवाहरू मध्यका निःशुल्क टेलिफोन तथा प्रत्यक्ष दोभाषे सेवा प्रयोग गर्न पनि सक्छन्। माथि उल्लिखित दोभाषे एवं अनुवाद सेवाहरूसम्बन्धी प्रचार-प्रसार सामग्रीहरू (पोस्टर, पुस्तिका, लिफलेट तथा क्यु कार्डहरू लगायतका) विभिन्न सेवा युनिटहरुका रिसिप्सन काउन्टरहरूमा राखिएका छन्। सान्दर्भिक मार्गनिर्देशन र पुस्तिका नियमित रूपमा जातीय समानता प्रवर्द्धन गर्न कर्मचारीहरूको ज्ञान वृद्धि गर्न प्रसारित गरिन्छ। जातीय समावेशी र एकताबद्ध कार्य संस्कृतिको विकास गर्न र जातीय संवेदनशीलता र सांस्कृतिक विविधता सम्बन्धी चेतना जगाउनका लागि समान अवसरहरू र निजामती सेवा प्रशिक्षण तथा विकास संस्थानद्वारा आयोजित भेदभाव विरोधी अध्यादेशहरू सम्बन्धी सेमिनार र कार्यशालाहरूमा प्रशिक्षणमा उपस्थित हुन कर्मचारीहरूलाई पनि प्रोत्साहन गरिन्छ।

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | सार्वजनिक सेवाको निरन्तर सुधार एवं अवसरमा समानता प्रबर्द्धन गर्न आवश्यक तथ्याङ्कीय विवरण सङ्कलनमा सहजीकरण गर्न भाषा (दोभासे/अनुवाद) सेवाको व्यवस्था सम्बन्धित् तथ्याङ्कहरू नियमित रुपमा सङ्कलन गरिन्छन्। |
| अपनाइएका थप उपायहरू | समुद्री विभागले जातीय भेदभाव अध्यादेश - " जातीय भेदभाव अध्यादेश र ।" मा पुस्तिका कर्मचारीको सन्दर्भको लागि विभागीय इन्ट्रानेटमा अपलोड गर्नेछ। |

जातीय समानता प्रवर्द्धनसम्बन्धी विध्यमान तथा योजनाबद्ध उपायहरूसम्बद्ध सोधपुछका लागि कृपया विभागीय जातीय संयोजक (साधारण एवं समिति) सुश्री Athena Liu लाई निम्न ठेगानामा सम्पर्क गर्नुहोस् -

| | |
|---|---|
| टेलिफोन नं.: | 2852 4590 |
| फ्याक्स नं. : | 2541 7194 |
| इमेल : | mdenquiry@mardep.gov.hk |
| पोस्टल ठेगाना: | 21/F, समुद्री विभाग मुख्यालय,<br>38 पियर रोड, केन्द्रीय, हंगकंग |

**सामुद्रिक विभाग**
**मे 2023**

2 CHEER केन्द्र गृह मामिला विभागद्वारा संचालित गैह्र-सरकारी संस्था तथा फरक जातिका मानिसहरूलाई सार्वजनिक सेवाहरूमा पहुँच प्राप्तिका लागि सहयोग गर्ने भाषा सहायता सेवा केन्द्र हो । अधिक जानकारीका लागि http://hkcscheer.net हेर्नुहोस्।